# परियत्ति बुलेटीन

वर्ष - १   अंक - १   बु. सं. २५४८   वि. सं. २०६१   ने. सं. ११२४,   अनलाश्वः   ई. सं.२००४

सुत्तन्तेसु असन्तेसु, पमुट्ठे विनयम्हि च ।
तमो भविस्सति लोको, सुरिये अत्थङ्गते यथा ॥
सुत्तन्ते रक्खिते सन्ते, पटिपत्ति होति रक्खिता ।
पटिपत्तियं ठितो धीरो, योगक्खेमा न धंसति ॥


अ.ने.भि. महासंघ द्वारा संचालित नेपाल बौद्ध परियत्ति शिक्षा स्थापित बु.सं. २५०७

अर्थ- सूत्र रहेन भने र विनय नष्ट भयो भने यो लोक त्यस्तै प्रकारले अन्धकारले पूर्ण हुन्छ, जसरी सूर्य अस्ताउँदा हुन्छ। सूत्र आदि रक्षा भइरह्यो भने प्रतिपत्ति रक्षा हुन्छ, प्रतिपत्तिमा स्थिर भइरहने धीर पण्डित योगक्षेम निर्वाण प्राप्त गर्नमा विमुख हुँदैन। मनोरथपूरणी (अं.नि.अट्ठकथा)

## सम्पादकीय

नेपालमा बौद्ध परियत्ति शिक्षाको अध्ययन-अध्यापनको थालनी भएको झण्डै चारदशक (४० बर्ष) नाघिसकेको छ। यति अवधि भनेको एक किसिमले धेरै लामो अवधि पनि हो। यदि चाहेको र सबैले आ-आफ्नो क्षेत्रबाट सक्दो प्रयास गरेको खण्डमा यसले धेरै फड्को मार्नसक्छ र विकास गर्नसक्छ। बि.सं. २०१९ सालमा श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरद्वारा स्थापना गर्नुभएको नेपाल बौद्ध परियत्ति शिक्षा हाल अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित छ। विना कुनै सरकारी र बाहिरी सहयोगका बावजूद पनि यो परियत्ति शिक्षा सीमित साधन र स्रोतबाट केवल श्रद्धेय भिक्षु र अनगारिकाहरूको प्रयास र उपासक-उपासिकाहरूको श्रद्धाबाट संचालन भइरहेको छ। यसमा हामीले सन्तोष लिने ठाउँ छ।

आजको अशान्त र असहज परिस्थितिमा परियत्ति शिक्षाको आवश्यकता झन् बढ्दै गइरहेको छ। गौतम बुद्धको जन्मस्थल हाम्रो देश नेपाल आज दिनानुदिन हत्या-हिंसा, बलात्कार, लूटपात, चोरी, गरिबीजस्ता अनेकन् समस्याहरूले ग्रस्त छन्। यी सबै समस्याहरूको पछाडी नैतिकताको अभाव छ। यदि देश हाँक्ने नेता भनाउँदाहरू, कर्मचारीहरू, प्रशासकहरूमा नैतिकताको राम्रो ज्ञान भएको भए शायद आजको अशान्त नेपालको सृजना हुने थिएन होला। यस्तो संकटपूर्ण अवस्थामा शान्तिनायक बुद्धको नैतिकशिक्षा अत्यन्त खाँचो रहेको छ। यसको लागि सबै पक्षबाट आवश्यक सहयोग र जागरण हुनुपर्ने देखिन्छ।



ने. बौ. प. शि. को संस्थापकः
श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर

हाल आएर यस शिक्षालाई अझ बढी व्यवस्थित र सुचारुरूपले संचालन गर्नको लागि नेपाल बौद्ध परियत्ति शिक्षाका विभिन्न समितिहरू गठन भई ती समितिहरूले विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेका छन्। नेपाल बौद्ध परियत्ति शिक्षा परिषद्ले अरू विभिन्न समितिहरूले गरेका निर्णयहरूलाई अन्तिम स्वीकृती दिने, व्यवस्थापन समितिले विभिन्न कार्यक्रमहरूको लागि आर्थिक पक्ष जुटाउने, दीक्षान्त समारोह समितिले वर्षको एकपटक दीक्षान्त समारोहका साथ पुरस्कार वितरण गर्ने, पाठ्यक्रम निर्माण तथा प्रकाशन समितिले परियत्तिका विभिन्न तहका पुस्तकहरू निर्माण गर्ने र प्रकाशन गर्ने, शिक्षक-शिक्षिका तालिम समितिले विभिन्न परियत्ति केन्द्रहरूका शिक्षक-शिक्षिकाहरूका लागि वर्षको एकपटक वा आवश्यक ठानिएमा अरू पनि तालिमहरू संचालन गर्ने काम गर्दै आइरहेको छ। बु.सं.२५४६ को परीक्षादेखि नयाँ शिक्षा नियमावली-२०५८ अनुसार नयाँ पाठ्यक्रम अनुसार परीक्षा पनि सम्पन्न भइसकेको छ। यसको अलावा ने.बौ.प.शि. व्यवस्थापन समितिको आर्थिक सहयोगमा, शिक्षक/शिक्षिका तालिम समितिको आयोजनामा परियत्तिका विभिन्न केन्द्रहरूका शिक्षक/शिक्षिकाहरूको लागी वि.सं. २०५९ र बि.सं.२०६० सालमा गरी दुई पटक तालिम कार्यक्रम पनि सम्पन्न भइसकेका छन् भने प्रारम्भिक प्रथम वर्ष (कक्षा-१) देखि प्रवेश तृतीय वर्ष (कक्षा-६) सम्मका लागि चाहिने सम्पूर्ण पाठ्यपुस्तकहरू पनि पाठ्यक्रम निर्माण तथा प्रकाशन समितिको प्रयास र श्रद्धालु दाता महानुभावहरूको आर्थिक सहयोगमा प्रकाशित भइसकेका छन्। त्यस्तै, गत वर्षसम्ममा उपत्यकाका नौ वटा नयाँ र उपत्यका वाहिर काभ्रेमा १ वटा गरी जम्मा १० वटा केन्द्रहरूलाई परियत्ति कक्षा संचालन गर्नको लागी स्वीकृती दिइसकेको छ। त्यस्तै, उपत्यकाका दरबार हाइस्कुल, रानीपोखरी, काठमाडौं; कन्या उच्च माध्यामिक विद्यालय, न्ह्योखा, काठमाडौं र ललित विकास निम्न मा.बि. पाटनमा पनि कक्षा भइराखेको छ। साथै पोखरा, धरान, संखुवासभा, बिराटनगर, झापा जिल्ला र उपत्यकाका विभिन्न ठाउँहरूबाट पनि नयाँ परियत्ति केन्द्रहरू स्थापना गर्नको लागि अनुरोधहरू आइराखेका छन्। यसर्थमा हेर्दा वर्तमान स्थितिमा आएर पहिलेको भन्दा व्यवस्थित ढंगले परियत्ति शिक्षा अगाडि बढिरहेको भान हुन्छ, तर यत्तिमै हामीले सन्तोष लिने ठाउँ छैन। हामीले सुधार गर्नुपर्ने धेरै कामहरू छन्। सन्तान थरी-थरीका भनेजस्तै काम गर्दाको अवस्थामा विभिन्न ठाउँ वा व्यक्तिहरूबाट अनेक धारणाहरू, प्रतिक्रियाहरू आउने गर्छन्। यो स्वाभाविक कुरा हो। यसलाई हामीले ग्रहण गर्नुपर्छ।

अतः यस परियत्ति शिक्षालाई अझ व्यवस्थित र सुचारुरूपले सञ्चालन गर्नको निमित्त चाहिने तपाईंका महत्वपूर्ण धारणाहरू, प्रतिक्रियाहरू, सुझावहरू, सल्लाहहरूका निम्ति यस परियत्ति सम्पर्क सचिवालय सदा स्वागत व्यक्त गर्दछ। साथै यस परियत्ति बुलेटिनलाई समय सापेक्ष गर्न यहाँहरूका सुझाव, सल्लाहको अपेक्षा हामीले गरेका छौं।

# परियत्ति शिक्षा - एक चिनारी

### १. परियति शिक्षा के हो ?

राजकुमार सिद्धार्थको रूपमा नेपालका सुपुत्र, विश्वका ज्योति भगवान् बुद्धको जन्म हाम्रै देशको लुम्बिनी ग्राममा (हाल कपिलवस्तु तौलिहवा नजिकै) आजभन्दा करीब २६२६ वर्ष पूर्व भएको हो । उहाँ संसारलाई जलिरहेको दुखाग्नि देखी चिन्तित हुनुहुन्थ्यो र शान्तिको मार्ग खोज्न एकदिन राजश्री ऐस आराम, प्यारी पत्नी यशोधरा र पुत्र राहुललाई त्याग गरी अज्ञानता र दुःखबाट मुक्तिको मार्ग खोज्न घरबाट निस्कनुभयो । त्यसबेलामा नाम चलेका ज्ञानीजनहरूबाट आफूले खोजेको शान्तिको ज्ञान प्राप्त हुने नदेखेपछि आफैले सो ज्ञान प्राप्तगर्न ६ वर्षसम्म कठोर तपस्या गर्नुभयो । अन्तमा बोधिवृक्ष मुनि ध्यानरत हुँदा उहाँले सम्यक्सम्बोधि प्राप्त गर्नुभयो र बुद्ध कहलाउनु भयो । तत्पश्चात् आफैले पत्ता लगाएको अमृतमय बुद्धधर्मको सन्देश ४५ वर्षसम्म आफूले स्थापना गर्नुभएको संघका भिक्षुहरूमा तथा गृहस्थहरूमा फैलाउँदै ८० वर्षको उमेरमा महापरिनिर्वाण हुनुभयो ।

प्राणीमात्रको हित र सुखको लागि भगवान बुद्धले धर्मचक्र प्रवर्तन गर्नुभएदेखि परिनिर्वाणको समयमा मल्लहरूको शालवनमा भिक्षु आनन्द तथा अन्य भिक्षुहरूलाई दिनुभएको अन्तिम धर्मोपदेश ४५ वर्षसम्म निरन्तर अभिव्यक्त गर्नुभएका आदि, मध्य र अन्तमा पनि कल्याणकारी मूल र प्रामाणिक बुद्धवचन त्रिपिटक ग्रन्थमा सुरक्षित गरिएको छ। बुद्धवचन सुत्तपिटक, विनयपिटक र अभिधम्मपिटक गरी ३ भागमा विभक्त गरिएको भएर नै त्रिपिटक भनिएको हो । पिटक भनेको धर्म साहित्यको पिटक (डालो) हो । बुद्धशासनमा परियत्ति, प्रतिपत्ति र प्रतिवेध तीन भागमध्ये त्रिपिटक परियत्ति शासन हो । परियत्ति भनेको बुद्धवचन त्रिपिटकको अध्ययन अध्यापनको सैद्धान्तिक पक्ष हो भने प्रतिपत्ति भनेको व्यवहारिक प्रयोगात्मक पक्ष हो । अनि प्रतिवेध भनेको शुद्ध धर्मको अभ्यासबाट प्राप्त हुने मार्गफल र निर्वाण हो । परियत्ति शासन भएन भने प्रतिपत्ति शासन हुँदैन । त्यस्तै प्रतिपत्ति शासन भएन भने प्रतिवेध शासन हुँदैन । त्यसो भएर नै बुद्धशासनको आधारशीला भइरहेको परियत्ति अर्थात् बुद्धवचन शुद्धरूपले सुरक्षित गरिराख्न संगायनहरू भइराखेका छन् ।

परियत्तिको महत्वबारे अंगुत्तर निकायको अट्ठकथाको मनोरथपूरणी सूत्रको एउटा गाथामा यस्तो भनिएको छ - "सूत्र रहेन भने र विनय नष्ट भयो भने लोक त्यस्तै प्रकारले अन्धकारमय हुन्छ जस्तो सूर्य अस्ताउँदा हुन्छ । सूत्र आदि रक्षा भइरहयो भने प्रतिपत्ति रक्षा हुन्छ , परियत्तिमा/स्थिर भइरहने धीर पण्डित योगक्षेम निर्वाण प्राप्त गर्नबाट विमुख हुँदैन ।"

### २. परियत्ति शिक्षाको संरक्षण र विकास

भगवान बुद्धले आफ्नो जीवनकालमा भिक्षुहरू र गृहस्थहरूलाई दिनुभएको शिक्षा नै परियत्ति शिक्षा हो । बुद्धको समयमा वहाँका उपदेश विनयहरूलाई वहाँका शिष्यहरूले कण्ठस्थ पारी एक आपसमा बताउने गर्थे, कुनै किसिमबाट लिपिबद्ध भएको थिएन । बुद्धको महापरिनिर्वाणपछि वहाँले दिनुभएको शिक्षा बारे भिक्षुहरूमा मतभिन्नता देखिए । पछि सो बारे मत ऐक्यता स्थापना गर्न प्रवुद्ध भिक्षुहरू एकत्र भई संगायन गरी लिपिबद्ध गर्ने काम हुन थाल्यो । समय बित्दै जाँदा अझ पनि केही संगायनहरू भए । यी संगायनहरूको संक्षिप्त विवरण यसप्रकारको छः-

| संगायन | समय (बु.सं.), मा | स्थान,. संरक्षण | सहभागीहरू / नेतृत्व | उपलब्धि |
|---|---|---|---|---|
| प्रथम | बुद्धको परिनिर्वाणको ३ महिनापछि | राजगृह,सम्राट अजातशत्रुको पालामा | ५०० जना प्रतिसम्भिदा प्राप्त भिक्षुहरू / आयुष्मान महाकाश्यपको नेतृत्वमा | बुद्धोपदेशहरू एकत्रित गरिएको |
| द्वितीय | १०० | वैशालीमा राजा कालाशोकको पालामा | ७०० जना अर्हत् भिक्षुहरू / आयुष्मान रेवत महास्थविर | धर्म विनयबारे पहिले जस्तै पालन गर्ने निर्णय गरिएका |
| तृतीय | २८० | पाटलीपुत्रमा सम्राट अशोकको पालामा | १०००जना अर्हतहरू / आयुष्मान मोग्गलिपुत्ततिस्स | शासन शुद्धि |
| चतुर्थ | ४०४ | आलोक विहार / श्रीलंका / वट्टगामिनी | ५०० भिक्षुहरू रक्षित महास्थविर | त्रिपिटक ताडपत्रमा लिपिवद्ध भएका |
| पंचम | २३५४ | म्यानमारको माण्डलेमा राजा मिण्डोन | २४०० भिक्षुहरू/ऊ. ज्ञेय महास्थविर | त्रिपिटक संगमरमरमा कुँदिएको । |
| षष्टम | २५०० | म्यान्मार् रंगुनमा राष्ट्रपति··बा.ऊ. | २५०० भिक्षुहरू / ऊ. रेवत महास्थविर | त्रिपिटक छापेर प्रचार गरिएको। |

### ३. नेपालमा परियत्ति शिक्षा

गौतम बुद्धको जन्म भएको लुम्बिनी, त्यस्तै उहाँको

जीवनसँग सम्बद्ध कपिलवस्तु, देवदह भएको नेपालमा बुद्धको उपदेशलाई अध्ययन अध्यापन गराउने काम समय समयमा पहिला हुँदै आएको कुरा इतिहासबाट थाहा पाइन्छ । पुरानो युगमा मौखिकरूपले धर्मको प्रचार प्रसार हुँदै गएको भए पनि लिच्छवी युगमा नेपालमा धेरै बुद्ध धर्म, बौद्ध दर्शन र बौद्ध कलाको अध्ययन अध्यापनको केन्द्र भएको पाइन्छ । मध्ययुगमा पनि धेरै बौद्ध विहार हरूमा यसरी नै पढाउने व्यवस्था भइराखेको पाइन्छ ।

एसियामा फेरी संस्कृति र सभ्यताको पुनर्जागरण आयो। नेपालमा पनि शुद्ध बुद्धधर्म फेरी प्रचार प्रसार भयो। वि.सं.२००१ सालमा तत्कालीन राणा शासनले नेपालमा भएका आठजना भिक्षु-श्रामणेरहरूलाई नेपालमा बुद्धधर्मको प्रचार प्रसार गरेको आरोप लगाई देश निकाला गरी बुद्धधर्मको इतिहास नै लोप गराउने तुच्छ काम गरे पनि नेपाली बौद्धहरूले भारतमा बसेर भए पनि धर्मको जागरण गराउने काम गरिराखे । सन् १९४६ मा भिक्षु अमृतानन्द

महास्थविरको विशेष प्रयासले श्रीलंकाका प्रसिद्ध बौद्ध विद्वान भिक्षु नारद महास्थविर प्रमुख पाँचजना भिक्षुहरू शिष्टमण्डलको रूपमा नेपालमा पाल्नुभयो । उहाँहरूले तत्कालीन राणा शासक पद्मशम्सेर लाई अनुरोध गरेअनुसार भिक्षुहरू पुनः नेपालमा फर्किन पाउनु भयो । सन् १९५१ मा "अखिल नेपाल भिक्षु महासंघ" को स्थापना भयो । भिक्षु महासंघबाट धर्मदेशनाद्वारा विहार विहारमा अध्ययन अध्यापन गराउने कामको पुनः शुरूवात भयो । यसमा श्रीलंका, बर्मा र थाइलैण्डबाट नेपालका भिक्षु श्रामणेरहरूलाई बुद्धधर्म अध्ययनार्थ छात्रवृत्ति प्रदान गरेर नेपालको बुद्धधर्मको इतिहासमा कहिल्यै नबिर्सिने छाप राखिदिनु भयो । यसमा धेरै समयदेखि कुशिनगर भारतमा बसिराख्नुभएका र आफूले सक्दो बुद्ध धर्मको प्रचार प्रसारको काममा धेरै सहयोग पुऱ्याइरहनु भएका ऊ. चन्द्रमणि महास्थविरको पनि ठूलो देन रहेको छ ।

नेपालमा सर्वप्रथम परियत्ति शिक्षा थालनी गर्ने श्रेय आचार्य भिक्षु बुद्धघोष महास्थविरलाई जान्छ । पूज्य भिक्षु बुद्धघोष महास्थविर वि.सं.२०१९ सालमा नुवाकोट जिल्लाको त्रिशुली बजारस्थित सुगतपुर विहारमा वर्षावास बस्नुभएको अवसरमा अनागारिका सुशिलाले र उपासक धर्मरत्न शाक्यले बुद्धजन्मभूमि नेपालमा पनि अन्य एशियाली बौद्ध देशहरूमा जस्तै बुद्धधर्म अध्ययन गर्ने कुनै व्यवस्था नहुँदा नेपाली बौद्ध भिक्षु श्रामणेर, अनागारिकाहरू विदेशमा दुःख, कष्ट भोगी अध्ययन गर्न जानुपर्ने भएकोले स्वदेशमा नै परियत्ति शिक्षाको अध्ययन अध्यापनको व्यवस्थाको लागि आग्रह गरेअनुसार म्यान्मार देशको प्रचलित पाठ्यक्र हेरी नेपालमा भएका बुद्धधर्म सम्बन्धी पुस्तकहरूको आधारमा कक्षा १ देखि कक्षा ५ सम्मको परीक्षामा राम्रो नतीजा ल्याउने विद्यार्थीहरू, उपासक उपासिकाहरूको अनुरोध बमोजिम बौद्ध परियत्ति शिक्षा कार्यक्रमलाई विकास गर्न भिक्षु बुद्धघोष महास्थविरले अ.ने.भि.महासंघमा प्रस्ताव राख्नुभयो । भिक्षु महासंघबाट संशोधन गरिएको पाठ्यक्रमलाई "**अखिल नेपाल भिक्षु महासंघ**" को निर्णयानुसार २०२० साल अक्षय तृतीयाको दिन संघमहानायक भिक्षु प्रज्ञानन्द महास्थविरको ६४ वर्ष लागेको शुभ जन्मोत्सवको उपलक्ष्यमा नेपाल अधिराज्यमा भएका सबै केन्द्रहरूमा बिहानको ८:४५ बजे ने.बौ.परियत्ति शिक्षाको अध्ययन औपचारिक रूपबाट प्रारम्भ गरियो । उक्त समाचार रेडियो नेपालबाट पनि त्यही समयमा प्रसारण गरेको थियो ।

शुरूमा सद्धम्म पालक उपाधिसम्म अध्यापन गरिने ने. बौ. प. शिक्षामा सो तह उत्तीर्ण गरेका विद्यार्थी भएपछि अझ उच्च शिक्षा दिन सद्धम्म पालक उत्तीर्ण धर्मरत्न शाक्य र अ.सुशीला प्रमुख सबै विद्यार्थीहरूको आग्रह बमोजिम परियत्ति सद्धम्म कोविद सम्मको पाठ्क्रम तयार गरी उच्च शिक्षा प्रारम्भ गरियो । त्यसपछि यस शिक्षालाई परिस्थिति र वातावरण सुहाउँदो ढंगले समय समयमा विभिन्न प्रकारले परिवर्तन र परिवर्द्धन गर्ने क्रममा विभिन्न नीति नियमहरू निर्धारण गर्ने र समिति उपसमिति गठन गर्ने देखि लिएर शिक्षण व्यवस्थापन सुदृढिकरण गर्दै व्यवस्थितरूपले काम कुरा अगाडि बढ्दै गयो । शुरूमा प्रारम्भिक प्रथम वर्षदेखि प्रवेश द्वितीय वर्ष सम्म मात्र व्यवस्था भइराखेको यस शिक्षा आज आएर अन्तिम उपाधि परीक्षाको रूपमा "परियत्ति सद्धम्म कोविद उपाधि परीक्षा" सम्म संचालन हुँदै आइराखेको छ ।

**४.परियत्ति शिक्षा – आजको आवश्यकता**

विश्वमा आजको जीवन बढी भौतिकवाद तर्फ ढल्किएको छ । फलस्वरूप समाजमा झै-झगडाहरू भैरहन्छन् र जीवनमा प्राप्त सुविधाको बाबजूद जीवन अशान्तमय बनेको छ । समाजमा लोभ, द्वेष, ईर्ष्या, काम, क्रोध आदि मानसिक क्लेशहरूको कारण अन्तर्द्वन्द मच्चिरहेको छ र मानिसहरूले चाहना गरेको शान्ति प्राप्त गर्न सकेको छैन । केही जनताहरू अत्यधिक भोक भोकै दुःखमा दिन काट्छन् भने धनाढ्यहरू आफ्नै भोगविलासको कारण दुर्व्यसनमा डुब्दैछन् र उनीहरूको लोभ लालचको कारण सीधा साधा जनताहरू पिल्सिन पुगेका छन् । समाजमा यस किसिमको विषमताबाट उत्पन्न रोग र अशान्ति हटाउन आज भगवान बुद्धद्वारा प्रतिपादित परियत्ति शिक्षाको अत्यन्त आवश्यक हुनआएको छ ।

अचेलको हाम्रा शिक्षालयहरूले सिकाउने शिक्षाले विद्यार्थीहरूलाई भाषा, साहित्य, कला, विज्ञान, गणित र पेशाहरूको लागि मात्र शिक्षा दिन्छ, तर देशका नागरिकहरूलाई मानव बनाउने शिक्षा दिन सकेको छैन । फलस्वरूप देशमा उच्च ओहदामा रहेका प्राविधिज्ञ तथा प्रशासकहरूमा पनि मानव धर्म तथा मानवोचित सामाजिक व्यवहारको अभाव भै, उनीहरू शिक्षित र धनी भएर पनि दुःखी छन् , मानिसले मानिस भै बाँच्नको लागि चाहिने काम कर्तव्य गर्न असमर्थ छन् । त्यसकारणले पनि आज हाम्रो समाजमा, शिक्षालयहरूमा परियत्ति शिक्षाको अत्यन्त आवश्यक भएको छ ।

फेरी हाम्रो देशका अधिकांश बौद्ध कहलाउने व्यक्तिहरू पनि वास्तविक बुद्ध धर्मको रूपरेखाबाट बिल्कुल अनभिज्ञ छन्, उनीहरू केवल रितिथिति र अन्धविश्वासयुक्त आडम्बरहरूमा मात्र तल्लीन छन् । त्यसकारण मानिसहरूलाई सच्चा बुद्धधर्मको प्रकाश फैलाउन पनि बुद्धको असली शिक्षा परियत्ति शिक्षाको अत्यन्त जरूरी भएको छ ।

आज हाम्रो देशमा सच्चा बुद्धधर्मको प्रचारक प्रसारक भै बुद्धको सन्देशलाई देशको कुनाकाप्चा सम्म पुऱ्याएर मानिसहरूलाई सच्चा बुद्ध धर्मतिर मार्गदर्शक भै काम गर्ने व्यक्तिहरूको खाँचो छ । यस प्रकारको जनशक्तिको अभाव पूर्ति गर्नको लागि पनि परियत्ति शिक्षालाई व्यवस्थित ढंगबाट पठन पाठन गराउन अत्यन्त जरूरी भएको छ । यी कारणहरूले गर्दा परियत्ति शिक्षा हामीले अत्यन्त परिश्रमको साथ सु-व्यवस्थित गर्नमा लाग्न जरूरी छ ।

**५. परियत्ति शिक्षाका वर्तमान उद्देश्यहरू**

परियत्ति शिक्षाको नियमित अध्ययन/अध्यापनबाट निम्न लिखित उद्देश्यहरू पूरा गर्ने जमर्को गरिएको छ :-

(क) समाजमा फैलिएको राग, द्वेष र मोहको आगोलाई नियन्त्रण गरी शान्ति स्थापना गर्नको लागि नेपालका सपूत शान्तिनायक भगवान बुद्धको सन्देश नेपालको प्रत्येक गाउँ शहरहरूको कुनाकाप्चा सम्म पुऱ्याउने ।

(ख) शिक्षालयबाट निस्केका जनशक्तिलाई प्राविधिक र बौद्धिक शिक्षाको साथै मानव धर्मको ज्ञान दिएर अभ्यास गराएर तदनुसारको आचरण गर्न सक्षम व्यक्तिहरू र प्राविधिकहरू तयार गर्ने ।

(ग) देशमा बुद्धधर्ममा आइरहेको विकृतिको कारण आफ्नो असली गुणहरू लुप्त भएर केवल रूढीवादी चालचलनमा सीमित बुद्धधर्मलाई देशका बुद्धधर्मप्रेमी जनतामा धर्मको सक्कली स्वरूप प्रस्तुत गर्ने ।

(घ) देशमा शान्ति नायक भगवान बुद्धको सन्देश गाउँदेखि देशका कुनाकाप्चामा पुऱ्याउन सक्ने र धर्ममा नेतृत्व दिन सक्ने सबल बौद्धहरू तयार गर्ने ।

उपरोक्त उद्देश्यहरूको पूर्तिको लागि हाल नेपाल बौद्ध परियत्ति शिक्षाले नेपालमा बाल-बालिका, युवाहरूलाई बुद्धधर्म जानी सो अनुसार आचरण गर्न सिकाउनको लागि निम्न व्यवस्थाहरू गरेको छ ।

- विद्यालय स्तरसम्मको बौद्ध शिक्षा दिने पाठ्यक्रम बनाउने र लागु गर्ने । उक्त पाठ्यक्रम अनुसारको पाठ्यपुस्तकहरू र सन्दर्भ पुस्तकहरू छपाई वितरण र उपलब्ध गराउने प्रयास गर्ने ।
- नेपाल बौद्ध परियत्ति शिक्षा प्रसारको लागि केन्द्रहरूको स्वीकृति दिने, निरीक्षण गर्ने र निर्देशन दिने ।
- उक्त केन्द्रहरूमा सिकाउने शिक्षक, शिक्षिकाहरूलाई तालिम दिने र आवश्यक सरसल्लाह दिने ।
- ने.बौ.प.शिक्षाबारे जनचेतना जगाउने र आवश्यक आर्थिक, भौतिक तथा अन्य सहयोग जुटाउने ।
- ने. बौ. प. शिक्षाको बारेमा प्रचारप्रसार गर्ने ।

**६. नेपालमा परियत्ति शिक्षाको व्यवस्थापन**

व्यापक हुँदै आइरहेको परियत्ति शिक्षा अरू बढी व्यवस्थित र सुसंगठित रूपमा सञ्चालन हुन सकोस्, बुद्धको ज्ञान सबैको लागि सुलभ र लाभदायक होस् भन्ने हेतुले अखिल नेपाल भिक्षु महासंघले नेपाल बौद्ध परियत्ति शिक्षा नियमावली-२०५८ स्वीकृत गरी लागू गरेको छ ।

उक्त नियमावली अनुसार नेपाल बौद्ध परियत्ति शिक्षाको संरचना निम्न प्रकारको छ ।

| | | |
|---|---|---|
| प्रथम तह | - | प्रारम्भिक स्तर (तीन वर्ष) |
| द्वितीय तह | - | प्रवेश स्तर (तीन वर्ष) |
| तृतीय तह | - | सद्धम्मपालक उपाधि स्तर (एक वर्ष) |
| चतुर्थ तह | - | कोविद उपाधि स्तर (तीन वर्ष) |

अखिल नेपाल भिक्षु महासंघको नीति निर्देशन अन्तर्गत रही परियत्ति शिक्षा सञ्चालन गर्ने, व्यवस्थित गर्ने र आवश्यक नीति नियम र निर्देशन दिन नेपाल बौद्ध परियत्ति शिक्षाको सर्वोच्च निकायको रूपमा शिक्षाध्यक्षको अध्यक्षतामा ७ जनाको नेपाल बौद्ध परियत्ति समिति गठन भएको छ । उक्त समितिका सदस्यहरू निम्न बमोजिम छन् :-

**वर्तमान पदाधिकारीहरू**

| | | |
|---|---|---|
| १) शिक्षाध्यक्ष | - | भिक्षु बुद्धघोष महास्थविर |
| २) सह-शिक्षाध्यक्ष | - | भिक्षु ज्ञानपूर्णिक महास्थविर |
| ३) केन्द्रीय परीक्षा नियन्त्रक | - | भिक्षु बोधिज्ञान |
| ४) केन्द्रीय सह परीक्षा नियन्त्रक | - | भिक्षु भद्दिय |
| ५) सदस्य | - | भिक्षु कुमारकाश्यप महास्थविर |
| ६) सदस्य | - | भिक्षु सुमेध महास्थविर |
| ७) सदस्य | - | भिक्षु तपस्सीधम्म |

नेपाल बौद्ध परियत्ति समितिको नीति निर्देशन बमोजिम परियत्ति शिक्षा व्यवस्थित रूपमा कार्य संचालन गर्न र यसको निरन्तर विकास गर्न शिक्षाध्यक्षको अध्यक्षतामा १५ जनाको परियत्ति शिक्षा परिषदको व्यवस्था भएको छ । उक्त परिषदमा देहाय बमोजिमका सदस्यहरू रहेका छन् :-

| | | |
|---|---|---|
| १) भिक्षु बुद्धघोष महास्थविर | - | शिक्षाध्यक्ष |
| २) भिक्षु ज्ञानपूर्णिक महास्थविर | - | सह शिक्षाध्यक्ष |
| ३) भिक्षु बोधिज्ञान | - | केन्द्रीय परीक्षा नियन्त्रक |
| ४) भिक्षु भद्दिय | - | केन्द्रीय सहपरीक्षा नियन्त्रक |
| ५) भिक्षु सुमेध | - | सदस्य |
| ६) भिक्षु राहुल | - | सदस्य |
| ७) भिक्षु निग्रोध | - | सदस्य |
| ८) भिक्षु कोण्डन्य | - | संयोजक (पाठ्यक्रम निर्माण तथा पाठ्यपुस्तक प्रकाशन समिति) |
| ९) अ. ञाणवती | - | संयोजक (शिक्षक शिक्षिका तालीम समिति) |
| १०) श्री पद्मज्योति | - | संयोजक (व्यवस्थापन समिति) |
| ११) श्रामणेर सुख | - | सदस्य |
| १२) अ.सुजाता | - | सदस्य |
| १३) श्री ठाकुरमान शाक्य | - | सदस्य |
| १४) डा.केशरीलक्ष्मी मानन्धर | - | सदस्य |
| १५) श्री त्रिरत्न मानन्धर | - | सदस्य |

## आव्हान

विगत ४१ वर्ष अगाडीदेखि निरन्तर रूपमा संचालन हुदैं आएको नेपाल बौद्ध परियत्ति शिक्षाको विकास र अभिवृद्धिको लागी तपाईहरूले निम्न प्रकारले सहयोग गर्न सक्नु हुनेछः-

(क) प्रधान केन्द्रबाट हुने दीक्षान्त समारोह र शाखा केन्द्रहरूमा हुने पुरस्कार वितरण कार्यक्रममा सहयोग जुटाएर ।

(ख) विभिन्न ठाउँमा अध्यापन गराउन जाने परियत्ति शिक्षाको शिक्षक/शिक्षिकाहरूलाई गाडी भाडाको प्रायोजन गरेर ।

(ग) परियत्तिका विभिन्न तहका पाठ्यपुस्तकहरू प्रकाशन गरिदिएर ।

(घ) परियत्ति सभाको सदस्य बनेर ।

(ङ) विद्यार्थीहरूलाई पाठ्यपुस्तक तथा स्टेशनरीका सामानहरू उपलब्ध गराई हौसला बढाएर ।

(च) आ-आफ्ना बाल-बालिकाहरूलाई आफूलाई पायक पर्ने केन्द्रमा परियत्ति शिक्षा पढ्न पठाएर ।

# हाल संचालित नेपाल बौद्ध परियत्ति शिक्षाका केन्द्रहरू

| सं. | केन्द्रको नाम | ठेगाना | केन्द्राध्यक्ष | टेलिफोन नं. | |
|---|---|---|---|---|---|
| 1 | मणिमण्डप विहार | पटको, ललितपुर | भिक्षु शीलभद्र महास्थविर | 5526517 | |
| 2 | यशोधरा बौद्ध शिक्षालय | थैना, ललितपुर | अनागारिका माधवी | 5521435 | |
| 3 | शाक्यसिंह विहार | थैना, ललितपुर | भिक्षु धर्मपाल महास्थविर | 5524760 | 549520 |
| 4 | धर्मकीर्ति विहार | श्रीघ, काठमाडौं | अनागारिका धम्मवती | 4259466 | |
| 5 | बौद्ध समंकृत विहार | भक्तपुर | भिक्षु धर्मशोभन महास्थविर | 6610842 | |
| 3 | प्रणिधिपुर्ण विहार | बलम्बु, काठमाडौं | अनागारिका मुदिता | 4310592 | 4312662 |
| 7 | दीपंकर परियत्ति शिक्षालय | नगबहाल, ललितपुर | सुश्री अमिता धाख्वा | 5537860 | 4493626 |
| 3 | न.म.श्रीकीर्ति विहार | कीर्तिपुर, काठमाडौं | भिक्षु कीर्तिज्योति | 4330836 | 5538357 |
| 9 | ज्योति विहार | चापागाउं, ललितपुर | श्री रामेश्वर देशार | 5571459 | 5571340 |
| 10 | अमरापुर विहार | बुंगमती, ललितपुर | अनागारिका सुजाता | 5551068 | 5533191 |
| 11 | जितापुर विहार | खोना, ललितपुर | अनागारिका श्रद्धावती | 4781081 | 5542846 |
| 12 | विश्व शान्ति विहार | नयाँ बानेश्वर, काठ. | श्रामणेर जनक | 4482984 | 4482250 |
| 13 | परोपकार मा.वि. | भिमसेनस्थान, काठमाडौं | सुश्री शकुन्तला प्रधान | 2041024 | 4260212 |
| 14 | वेलवनाराम विहार | थेचो, ललितपर | भिक्षु निग्रोध | 4482984 | 5570062 |
| 15 | बुद्ध आदर्श मा. वि. | लुम्बिनी | अनागरीका अनुपमा | 4259466 | 5533191 |
| 16 | बौद्धजन विहार | सुनाकोठी, ललितपुर | श्री बिनोड डंगोल | 5570374 | |
| 17 | सिद्धिमंगल विहार | थसी, ललितपुर | सुश्री बिमला शाक्य | 5545423 | 5581098 |
| 18 | आनन्दकुटी विहार | स्वयम्भु, काठमाडौं | भिक्षु पञ्ञमुर्ति | 4271420 | |
| 19 | गण महाविहार | गणबहाः, काठमाडौं | भिक्षु शोभित | 4253454 | 5521265 |
| 20 | संघाराम विहार | ढल्को, काठमाडौं | भिक्ष संघरक्षित, संघाराम | 4255960 | 4-216011 |
| 21 | भास्सरा मा. बि. | पूर्णचण्डी, ललितपुर | अनागारिका [illegible]गवती | 5523065 | 5524760 |
| 22 | सुवर्ण छत्रपुर विहार | लुभु, ललितपुर | श्री त्रिरत्न मानन्धर | 4256835 | 5580430 |
| 23 | जगत सुन्दर ब्वनेकुथी | चागः, डल्लु, काठमाडौं | श्रीमती माया मानन्धर | 4281261 | 4256835 |
| 24 | गौतमी विहार | लुम्बिनी | अनागारिका खमेसि | 071-580177 | 4259466 |
| 25 | बोधिचर्या विहार | बनेपा | भिक्षु बोधिसेन महास्थविर | 011-661789 | |
| 26 | कर्मलेक्सेलिङ्ग गुम्बा | स्वयम्भु | श्री रविन्द्र घिमिरे | 4275125 | |
| 27 | कसाः तःधं गुथि | भईखेल, स्वयम्भु | श्री जगतरत्न कसाः | 4220461 | |
| 28 | लोकाकीर्ति महाविहार | नकबहिल, ललितपुर | श्री अजय शाक्य | 5546168 | 5533191 |
| 29 | समग्र बौद्ध विहार | कीर्तिपुर | श्री शोभा महर्जन | 4330001 | 4333745 |
| 30 | रानीपानी ग्राम सेवा केन्द्र | काभ्रे | श्री उमेश अधिकारी | | |
| 31 | पाटी विहार, ठिमी | ठिमी | श्री धर्मसुन्दर बज्राचार्य | 6631205 | 6631010 |
| 32 | सुलक्षणकीर्ति विहार | चोभार | अनागारिका अनोजा | 4331718 | 4259466 |

परियत्ति शिक्षा प्रदान गर्न बौद्ध परियत्ति शिक्षा समितिको सहमतिमा १५ जवान परीक्षार्थी हुने स्थानमा केन्द्र खोल्न सकिने व्यवस्था गरिएको छ ।

नेपाल बौद्ध परियत्ति शिक्षाको नयाँ पाठ्यक्रम २०५८ अनुसार प्रकाशित भएका पुस्तकहरूको लागि आर्थिक भार बहन गरी महत्वपूर्ण सहयोग गर्नुहुने महानुभावहरूको नामावली यस प्रकारको छ:-

| दाताहरूको नाम | पाठ्यपुस्तक |
|---|---|
| (क) श्री पद्मज्योति, ज्योति समूह | ने.बौ.प.शिक्षाको पाठ्यक्रम |
| (ख) श्री मोतिलाल शिल्पकार, जावलाखेल | प्रथम प्रवेश शिक्षा, भाग-१ |
| (ग) अ.धम्मवती, धर्मकीर्ति विहार | प्रथम प्रवेश शिक्षा, भाग-२ |
| (घ) श्रीमती शरणलक्ष्मी कंसाकार, पुतलीसडक | प्रथम प्रवेश शिक्षा, भाग-३ |
| (ङ) श्रीमती रत्नमाया शाक्य, जावलाखेल | द्वितीय प्रवेश शिक्षा, भाग-१ |
| (च) श्री धर्मबहादुर धाख्वा 'कल्याण कोष' | द्वितीय प्रवेश शिक्षा, भाग-२ |
| (छ) डा.श्री केशरमान बज्राचार्य , रविभवन | द्वितीय प्रवेश शिक्षा, भाग-३ |
| (ज) केशरीलक्ष्मी कंसाकार, जमल, काठमाडौं | तृतीय प्रवेश शिक्षा, भाग-१ |
| (झ) मोतिलाल शिल्पकार, जावलाखेल, ललितपुर | तृतीय प्रवेश शिक्षा, भाग-२ |
| (ञ) श्री धनबहादुर नकर्मी तथा ईश्वरी नकर्मी, क्षेत्रपाटी | तृतीय प्रवेश शिक्षा, भाग-३ |
| (ट) कुलनरसिं शाक्य, नकबहिल, ललितपुर | तृतीय प्रवेश शिक्षा, भाग-४ |
| (ठ) भिक्षु बुद्धघोष प्रकाशन समिति, लुखुसि, ललितपुर | न्ह्यसः पौ मुना (कक्षा १ देखि कक्षा ६ सम्म) |
| (ड) भिक्षु बुद्धघोष प्रकाशन समिति लुखुसि, ललितपुर | न्ह्यसः पौ मुना (कक्षा ७ देखि कक्षा १० सम्म) |
| (ढ) मणिक, भरत, राम, लक्ष्मण, रूपकुमार खड्गी परिवार, लाजिम्पाट, काठमाडौं | बौद्ध जगतका प्रसिद्ध व्यक्तित्वहरू |

नेपाल बौद्ध परियत्ति शिक्षाको विकास र विस्तार गर्नको लागी विभिन्न दाता महानुभावहरूबाट सदस्यता ग्रहण गरी तथा श्रद्धादान दिई हालसम्म सहयोग पुऱ्याउनु हुने महानुभावहरूको नामावली

## अति विशिष्ट (५0,000)

१) श्री द्रव्यमानसिंह (भाइराजा) तुलाधर (२) श्रीमती केशरीलक्ष्मी कंसाकार (३) श्री साहु पद्मज्योति

## विशिष्ट (१0,000)

(१) श्रीमती केशरी लक्ष्मी मानन्धर (२) श्री ठाकुरमान शाक्य (३) श्री भक्तिदास श्रेष्ठ
(४) सुश्री कमली शाक्य (५) सुश्री नानीहिरा कंसाकार (६) श्रीमती दानलक्ष्मी कंसाकार
(७) श्री पुर्णमान शाक्य (८) श्री केशरमान बज्राचार्य (९) श्री त्रिभुवनधर तुलाधर
(१०) श्री प्रल्हादकृष्ण मानन्धर (११) श्री विजय बज्राचार्य (१२) श्रीमती प्रभावती स्थापित
(१३) श्रीमती रीना तुलाधर (१४) श्री प्रेमसुन्दर तुलाधर (१५) श्री शरणलक्ष्मी कंसाकार
(१६) श्री गिरिधर मानन्धर (१७) श्री ललितबीर सिं (१८) श्री रत्नमान शाक्य
(१९) श्री पुर्णसिद्धि (२०) सुश्री मनोहरा देवी शाक्य २१) श्री जीतबहादुर बज्राचार्य
२२ ) श्री नरेशरत्न बज्राचार्य (२३) मोतिलाल शिल्पकार (२४) श्रीमती प्रतिमा शाक्य
(२५) श्री जीवरत्न स्थापित

## असाधारण (५,000)

१) अनागारिका अनुपमा २) श्रीमती मीराज्योति ३) सुश्री शकुन्तला प्रधान

## साधारण (५00)

(१) सुश्री रेणुका मानन्धर (२) नानीमैया मानन्धर (३) सुश्री सरिता तुलाधर (४) श्री कर्ण शाक्य
(५) सुश्री वीणा कंसाकार (६) श्रीमती गंगा श्रेष्ठ (७) भिक्षु बोधिज्ञान (८) सुश्री सुजाता मानन्धर
(९) श्रीमती कृष्णकली शाक्य (१०) श्री राजेश शाक्य (११) श्रीमती रोहिणी मास्के (१२) श्रमिती चन्द्रदेवी शाक्य
(१३) सुश्री अमिता धाख्वा (१४) सुश्री अरनीतारा बज्राचार्य (१५) श्री न्हुच्छेरत्न शाक्य (१६) श्री पन्नारत्न तुलाधर
(१७) श्री प्रेमलाल श्रेष्ठ (१८) श्री बाबुरत्न नापित १९) सुश्री सविता धाख्वा (२०) श्री सुवर्ण शाक्य
(२१) श्रद्धावती गुरुमां (२२) श्री मणिजीब कंसाकार (२३) श्री जुजुभाई तुलाधर (२४) अग्गञाणी गुरुमां
(२५) श्री सुचित्रमान शाक्य (२६) श्री रामेश्वर देसार (२७) उत्पल वण्णा गुरुमा (२८) श्री अनिरा तण्डुकार
(२९) सुश्री मंगला मानन्धर (३०) श्रीमती बासन्तिदेवी बज्राचार्य (३१) श्रीमती मोहनमाया अवाले (३२) ञाणशीला गुरुमा
(३३) श्रीमती कमलमाया खड्गी (३४) श्री मदन रत्न मानन्धर (३५) श्री त्रिरत्न मानन्धर (३६) श्रीमती तारादेबी शाक्य
(३७) चित्राशोभा तुलाधर ३८) सुजाता गुरुमां (३९) श्री इन्द्रलाल चित्रकार (४०) दयालक्ष्मी खड्गी
(४१) श्री सानुराजा शाक्य (४२) श्री आर.बी. बन्ध (४३) श्री प्रयाग दत्त तिवारी (४४) श्री कुलवीरसिं तुलाधर
(४५) श्रीमती रत्नदेवी तुलाधर (४६) श्रीमती चिनियालक्ष्मी तुलाधर (४७) श्री काजीमान महर्जन (४८) श्री शान्तमान शाक्य
(४९) ञाणवती गुरुमा (५०) श्री नन्द शाक्य

## बौद्ध परियत्ति शिक्षाको समाचार सार संक्षेपः

### दोस्रो शिक्षक-शिक्षिका शिक्षण तालिम कार्यक्रम सम्पन्न

मिति २०६० साल भाद्र २ गते मंगलबारदेखि ६ गते शनिवार सम्म संचालित तालिम कार्यक्रममा विभिन्न २९ वटा परियत्ति केन्द्रहरूबाट जम्मा ५४ जना प्रशिक्षार्थीहरूले प्रशिक्षण लिनु भएको थियो। यस प्रशिक्षण कार्यक्रममा यो वर्षमात्र स्वीकृति प्राप्त ८ वटा नयाँ परियत्ति केन्द्रहरू मध्येबाट ७ केन्द्रहरू सहभागी भएका थिए।

नेपाल बौद्ध परियत्ति शिक्षाका शिक्षाध्यक्ष पूज्य बुद्धघोष महास्थविरको सभापतित्व एवं ने.बौ.प.शिक्षाको सह-शिक्षाध्यक्ष पूज्य ज्ञानपूर्णिक महास्थविरबाट शुरूवात गरिएको यस दोस्रो शिक्षक-शिक्षिका शिक्षण तालिम कार्यक्रमको पहिलो दिनमा शिक्षक-शिक्षिका शिक्षण समितिका सदस्य सुश्री अमिता धाख्वाबाट ने. बौ. प. शिक्षाको परिचय, व्यवस्थापन समितिका सह-संयोजक श्री ठाकुरमान शाक्यबाट ने. बौ. प. शिक्षाको नियमावली, पाठ्यक्रम निर्माण तथा प्रकाशन समितिका संयोजक भिक्षु कोण्डन्यबाट ने.बौ.प.शिक्षाको पाठ्यक्रम, शिक्षक-शिक्षिका शिक्षण तालिम समितिका संयोजिका अ. आणवतीबाट ने. बौ. प. शिक्षाको तालिम सम्बन्धी जानकारी दिनु भएको थियो भने शिक्षक-शिक्षिका शिक्षण समितिका सदस्य सुश्री सविता 'धाख्वा' शाक्यबाट परियत्ति शिक्षक-शिक्षिकामा हुनुपर्ने गुण, शिक्षक-शिक्षिका शिक्षण समितिका सदस्य तथा शिक्षाविद डा. बज्रराज शाक्यबाट शिक्षण विधिहरू एवं शिक्षाविद डा. सुमनकमल तुलाधरबाट मूल्यांङ्कन सम्बन्धी तालिम प्रशिक्षण दिनु भएको थियो।

त्यस्तै भाद्र ३ गते पाठ योजना, एकाई योजना, वार्षिक योजना बारे यसै समितिका सदस्य तथा शिक्षाविद डा. गणेश मालीबाट प्रशिक्षण दिनु भएको थियो भने यस तालिमको शिक्षण अभ्यास कक्षाहरूमा भिक्षु कोण्डन्य, डा. बज्रराज शाक्य, डा. गणेश माली, चन्द्रदेवी शाक्य र सविता धाख्वाहरूबाट शिक्षण अभ्यास सम्बन्धी निर्देशन दिनु भएको थियो।

स्मरणीय छ, यस शिक्षक-शिक्षिका शिक्षण समितिको तालिम कार्यक्रमको सम्पूर्ण खर्च ने. बौ. प. शिक्षाको व्यवस्थापन समितिबाट व्यहोरिएको थियो।

स्मरणीय छ मिति २०५९ भाद्र २ गते देखि ९ गतेसम्म विश्व शान्ति विहारमै शिक्षक शिक्षिका शिक्षण तालिम समितिको आयोजनामा १८ वटा परियत्ति केन्द्रहरूका जम्मा ३५ जना शिक्षक शिक्षिकाहरूलाई प्रथम शिक्षक-शिक्षिका शिक्षण तालिम कार्यक्रम सम्पन्न भएको थियो।

✦✦✦

### प्रश्न-पत्र निर्माण तथा उत्तर-पुस्तिका परीक्षण कार्यशाला गोष्ठी सम्पन्न

नेपाल बौद्ध परियत्ति शिक्षाया परीक्षा समितिको आयोजनामा बानेश्वर स्थित विश्वशान्ति विहारमा परियत्ति शिक्षक/शिक्षिकाहरूका लागी मंसीर २७ र २८ गते दुई दिने प्रश्न-पत्र निर्माण तथा उत्तर(पुस्तिका परीक्षणको प्रशिक्षण कार्यक्रम सम्पन्न भयो। भिक्षु बोधिज्ञान समक्ष शील प्रार्थना र बौद्ध परियत्ति शिक्षाका संस्थापक सदस्य धर्मरत्न शाक्यबाट बुद्धमुर्ति समक्ष बत्ती प्रज्वलन गर्दै अगाडी बढाएको उक्त कार्यक्रममा बौद्ध परियत्तिका पाठ्यक्रमको जानकारी डा.बज्रराज शाक्यबाट, प्रश्न-पत्र निर्माणको बारेमा डा.गणेश ब. माली, मुल्यांकनको बारे प्रा. सुवर्ण शाक्य, डा.सुमन कमल तुलाधरबाट प्रशिक्षण दिनुभएको थियो। अ. सुजाता, अमिता धाख्वा र त्रिरत्न मानन्धरबाट विभिन्न विषयमा अभ्यास प्रशिक्षण गर्नु भएको थियो। परियत्ति स्थापनाका ४० वर्षपछि पहिलो पटक भएको उक्त प्रशिक्षण कार्यक्रममा उपत्यकाका २० वटा परियत्ति केन्द्रबाट ३२ जना परियत्ति शिक्षक/शिक्षिकाहरूले भाग लिनुभएको थियो। भिक्षु बोधिज्ञानबाट प्रशिक्षण कार्यक्रम पश्चात् प्रमाण-पत्र वितरण गर्नुभएको उक्त कार्यक्रममा प्रशिक्षार्थीद्वय मदन बहादुर तुलाधर र चन्द्रदेवी मानन्धरबाट यस्ता कार्यक्रमको प्रशंसा गर्दै फेरी फेरी पनि यस्ता कार्यक्रमहरूको सञ्चालन हुनुपर्ने कुरामा जोड दिनुभएको थियो।

✦✦✦

### परीक्षा कार्यक्रम

#### बु. सं. २५४७ (वि. सं. २०६०) को परीक्षा सम्पन्न

बु. सं. २५४७ (वि.सं.२०६०) सालको नेपाल बौद्ध परियत्ति शिक्षाको परीक्षा वि.सं. २०६० माघ १० गते शनिवारदेखि १३ गतेसम्म प्रारम्भिक प्रथम वर्षदेखि प्रवेश तृतीय वर्षसम्म दिउँसो १.०० बजेदेखि ४.०० बजेसम्म र माघ १७ गतेदेखि माघ २७ गते सम्म सद्धम्म पालक उपाधिदेखि कोविद अन्तिम वर्षसम्म विहान ७:०० बजेदेखि १०:०० बजेसम्म गरी दुई चरणको व्यवस्था गरी सम्पन्न भएको छ। यस वर्ष काठमाडौं जिल्लाको ११ वटा केन्द्र, ललितपुर जिल्लाको १२ वटा केन्द्र, भक्तपुरको १ वटा, काभ्रेको २ वटा र लुम्बिनीको २ वटा गरी २८ वटा परीक्षा केन्द्रबाट जम्मा १५०२ जना परीक्षार्थीहरूले परीक्षा दिनको लागि आवेदन दिएकोमा प्रा.प्रथम वर्षमा ५१९ जना, प्रा.द्वितीय वर्षमा २४७ जना, प्रा.तृतीय वर्षमा १६६ जना, प्रवेश प्रथम वर्षमा १८७ जना, प्रवेश द्वितीय वर्षमा ४८ जना, प्रवेश तृतीय वर्षमा १२ जना, सद्धम्म पालकमा २६ जना, कोविद प्रथम वर्षमा १० जना, कोविद मध्यम वर्षमा ५ जना र कोविद अन्तिम वर्षमा १ जना गरी जम्मा १२२१ जना परीक्षार्थीहरूले परीक्षा दिएका थिए। परीक्षाको माध्यमभाषाको रूपमा नेपाल भाषा र नेपाली रहेका छन्।



स्मरणीय छ बु. सं. २५४६ (वि.सं.२०५९) सालको नेपाल बौद्ध परियत्ति शिक्षाको परीक्षा वि.सं. २०५९ माघ १८ गते शनिवार देखि २१ गतेसम्म प्रारम्भिक प्रथम वर्षदेखि प्रवेश तृतीय वर्षसम्म विहान ७:०० बजेदेखि १०:०० बजेसम्म र माघ २५ गतेदेखि सद्धम्म

पालक उपाधिदेखि कोविद अन्तिम वर्षसम्म विहान ७:०० बजेदेखि १०:०० बजेसम्म गरी दुई चरणको व्यवस्था गरी सम्पन्न भएको थियो । उक्त वर्षमा कुल ११४० जनाले परीक्षा दिनको लागी आवेदन भरेकोमा जम्मा ९१३ जनाले परीक्षा दिएको थियो ।

✦✦✦

## परीक्षाफल प्रकाशित

### बु. सं. २५४७ (वि. सं.२०६१) को ने. बौ. प. शि. को ४१ औं समूहको परीक्षाफल प्रकाशित

"अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित" नेपाल बौद्ध परियत्ति शिक्षा को बु. सं. २५४७ अर्न्तगत बि. सं. २०६० माघ महिनामा लिइएको ४१ औं समूहको वार्षिक परीक्षाको परिणाम इतिहासमा यस वर्ष पनि सन्ध्याटाइम्स् पत्रिकामा प्रकाशित भएको छ। नतिजा अनुसार प्रा.प्रथम वर्षदेखि कोविद अन्तिम वर्षसम्म बोर्ड श्रेणीमा २३ जना समेत प्रथम श्रेणी ५०१ जना, द्वितीय श्रेणीमा ३५० जना र तृतीय श्रेणीमा १९३ जना गरी जम्मा १०४४ जना परीक्षार्थीहरू उत्तीर्ण भएका छन् । यस वर्ष कोविद अन्तिम वर्षमा सारती नेवा उत्तीर्ण भएको छ । त्यस्तै कोविद द्वितीय वर्षमा ४ जना, प्रथम वर्षमा ६ जना उत्तीर्ण भएका छन भने सद्धम्म पालक उपाधीमा जम्मा ११ जना उत्तीर्ण भएका छन् ।

यस वर्षसम्म कोविद उत्तीर्ण विद्यार्थीहरूको संख्या ३७ जना पुगीसकेको छ, सद्धम्म पालक उत्तीर्ण विद्यार्थीहरुको संख्या १६८ जना पुगीसकेको छ। साथै बु. सं. २५०७ देखि बु.सं.२५४६ सम्म परीक्षा दिने विद्यार्थीहरूको संख्या ११,५५६ जना पुगिसकेको छ ।

गत वर्ष बु.सं.२५४६ अर्न्तगत (बि. सं.२०५९) माघ र फागुन महिनामा लिइएको ४० औं समूहको वार्षिक परीक्षाको परिणाम इतिहासमा पहिलो पटक सन्ध्या टाइम्स् पत्रिकामा प्रकाशित भएको थियो । कुल ९१३ जनाले परीक्षा दिएकोमा जम्मा ८५५ जना परीक्षार्थीहरू उत्तीर्ण भएका थिए ।

✦✦✦


## नेपाल बौद्ध परियति शिक्षा परिषदको दोस्रो बार्षिक सभा सम्पन्न

नेपाल बौद्ध परियति शिक्षा परिषद्को दोस्रो बार्षिक सभा मिति २०६१ वैशाख २७ गते होटल ब्ल्यूस्टार, त्रिपुरेश्वरमा सु(सम्पन्न भयो । नेपाल बौद्ध परियत्ति शिक्षाका सह(शिक्षाध्यक्ष श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरको सभापतित्वमा भएको उक्त कार्यक्रममा भिक्षु ज्ञानपूर्णिक महास्थविरले पंचशील प्रदान गर्नुभएको थियो। व्यवस्थापन समितिका संयोजक श्री पद्मज्योतिले स्वागत भाषण गर्नुभएको उक्त कार्यक्रममा ने.बौ.प.शि.का सह(शिक्षाध्यक्ष श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविर, परीक्षा समितिका संयोजक भिक्षु बोधिज्ञान, पाठ्यक्रम निर्माण तथा प्रकाशन समितिका संयोजक भिक्षु कोण्डन्य, शिक्षक शिक्षिका तालिम समितिका संयोजिका अनागारिका ञाणवती, व्यवस्थापन समितिका सह(संयोजक श्री ठाकुरमान शाक्यज्यूबाट आ-आफ्नो समितिका प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।



सो कार्यक्रममा भिक्षु आनन्दबाट सुझाव प्रस्तुत गर्नुभएको थियो भने उक्त सुझावमाथि भिक्षु संघरक्षित, अ. ञाणवती, डा.बज्रराज शाक्य, श्री त्रिरत्न मानन्धर, सुश्री नानीमैया मानन्धर र डा. केशरीलक्ष्मी मानन्धरहरूले छलफल गर्नुभएको थियो ।

उक्त अवसरमा यस वर्ष परियत्तिका पुस्तकहरू प्रकाशन गरि दिई सहयोग गर्नुहुने श्री मोतीलाल शिल्पकार, जावलाखेल, श्रीमती केशरीलक्ष्मी कंसाकार, जमल, श्री कुलनरसिंह शाक्य, नकबहिल, भरत खड्गी, बनस्थली र भिक्षु बुद्धघोष प्रकाशन समिति, लुखुसीलाई कदर-प्रतिक प्रदान गर्नुभएको थियो भने होटल ब्ल्यूस्टारका प्रोप्राइटर साहु श्री कुलविरसिंह तुलाधरलाई सम्मान-पत्र प्रदान गरिएको थियो । कार्यक्रममा ने. बौ. प. शि. का सह-परीक्षा नियन्त्रक भिक्षु भद्दियले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।



उक्त सभा गर्न हलको व्यवस्था, भिक्षु महासंघ र सभाका सहभागीहरुको लागि भोजनको व्यवस्था गत वर्ष झैं होटल ब्ल्यूस्टार का प्रोप्राइटर श्री कुलविरसिंह तुलाधर र उहाँको परिवारको सौजन्यबाट प्राप्त भएको थियो । उक्त सभामा भिक्षुगण, अनागारिकाहरू, ने. बौ. प. शिक्षा सभाका सदस्यहरु र अरू आमन्त्रित व्यक्तिहरूको उपस्थिति थियो ।

स्मरणीय छ, नेपाल बौद्ध परियति शिक्षा सभाको प्रथम बार्षिक सभा मिति २०६० वैशाख ६ गते व्यवस्थापन समिति र बौद्ध महिला संघ, नेपालको सहयोगमा होटल ब्ल्यूस्टारमै सम्पन्न भएको थियो ।

## निर्वाण कामना

नेपालको थेरवाद बुद्ध शासनको विकासमा अटुट रूपले आफ्नो योगदान पुऱ्याई दृढरूपले सहयोग गर्नु हुने साहु ज्ञानज्योति कंसाकारको असामयिक निधनमा उहाँको निर्वाण कामना गर्दछौं ।

नेपाल बौद्ध परियति शिक्षा

## उपाधि प्राप्त शिक्षक/शिक्षिका तथा विद्यार्थीहरूको विचार आदान प्रदान भेला सम्पन्न

मिति २०६१ जेठ २९ गते उपाधि प्राप्त शिक्षक/शिक्षिका तथा विद्यार्थीहरूको विचार आदान प्रदान भेला विश्व शान्ति विहार, मीनभवनमा सम्पन्न भयो । कार्यक्रमको प्रारम्भमा सहभागी सबै उपाधि प्राप्त शिक्षक/शिक्षिकाहरू तथा ने.बौ.प.शि.का विभिन्न समितिका पदाधिकारीहरूले आ-आफ्नो परिचय प्रश्तुत गर्नुभएको थियो। त्यसपछि केन्द्रीय परीक्षा नियन्त्रक श्रद्धेय भिक्षु बोधिज्ञानबाट वर्तमानमा परियत्ति शिक्षाको स्थिति बारे जानकारी गराउनु भएको थियो भने शिक्षक/शिक्षिका तालिमा समितिका संयोजिका अनागारिका ञाणवतीले शिक्षक/शिक्षिकाहरूको अभाव भैरहेका विभिन्न केन्द्रहरू तथा हाल नयाँ केन्द्रहरू खोल्न माग आइरहेका ठाउँहरूबारे जानकारी प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा सुश्री सबिता धाख्वाले कार्यक्रमको मूल उद्देश्यबारे सहभागीहरूलाई ध्यानाकर्षण गर्नुभएको थियो ।



त्यस्तै सहभागीहरूले आ-आफ्ना केन्द्रहरूमा आईरहेका विभिन्न समस्याहरूबारे अवगत गराउनु भएको थियो भने विभिन्न प्रस्ताब र सुझावहरू पनि राखिएको थियो । सोही कार्यक्रममा व्यवस्थापन समितिका सदस्य डा. केशरी लक्ष्मी मानन्धरले परियत्तिका सबै विद्यार्थी तथा शिक्षक/शिक्षिकाहरूलाई आ-आफूले प्राप्त गरेको शिक्षालाई अरूहरू समक्ष पनि पुऱ्याउनुपर्ने कुरामा जोड दिनुभएको थियो । साथै श्री त्रिरत्न मानन्धरले सहभागीहरूले राख्नुभएको विभिन्न जिज्ञासाको उत्तर दिनुका साथै निकट भविष्यमा सबै केन्द्रका शिक्षक/शिक्षिका तथा विद्यार्थीहरूलाई एकै ठाउँमा भेला गरी वृहत परियत्ति भेला गरेर एक अनौपचारिक कार्यक्रम गर्न सके यसबाट सकारात्मक असर पर्ने कुरामा जोड दिनु भएको थियो। कार्यक्रमको अन्तमा सुश्री अमीता धाख्वाले सहभागी सबैमा धन्यवाद ज्ञापन गर्नुभएको थियो । उक्त कार्यक्रम तालिम समितिका सह-संयोजक भिक्षु निग्रोधले संचालन गर्नुभएको थियो । उहाँले हामीहरूले पनि मुस्लिम, क्रिश्चियनहरूले अगाडी बढाईरहेको Mission लाई अनुकरण गरी उत्साहवर्द्धक रूपमा अगाडी बढाउँदै लैजानुपर्ने र उपाधि प्राप्त विद्यार्थीहरूलाई रोजगारीको व्यवस्था गर्न सके यस शिक्षाप्रति सबै आकर्षित हुने कुरा राख्नुभएको थियो ।

✦✦✦

## पुरस्कार वितरण कार्यक्रम

### बु.सं.२५४७ (वि.सं.२०६१) वर्षको दीक्षान्त समारोह सम्पन्न

गत मिति २०६१ वैशाख १२ गते शनिवार बु. सं. २५४७ सालको पुरस्कार दीक्षान्त समारोह नेपाल बौद्ध परियत्ति शिक्षाको केन्द्रीय कार्यालय पाटनको पटको स्थित मणिमण्डप विहारमा सम्पन्न भयो ।

उक्त कार्यक्रममा ने. बौ. प. शि. का सह-शिक्षाध्यक्ष भिक्षु ज्ञानपूर्णिक महास्थविरले परियत्तिका सम्पूर्ण विद्यार्थीहरूलाई गत वर्ष झैं आफूले अध्ययन गरे अनुसार व्यवहारमा प्रयोग गरेर समाज र देशको लागि सही रूपले उपयोग गर्छु भनेर प्रतिज्ञा गर्न लगाउनु भएको थियो ।

पुरस्कार वितरण तथा दीक्षान्त समारोहमा प्रमुख अतिथि अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष श्रद्धेय भिक्षु कुमारकाश्यप महास्थविरले बोर्ड स्थान प्राप्त तथा सद्धम्म कोविद र सद्धम्म पालक उपाधि प्राप्त विद्यार्थीहरूलाई पुरस्कार तथा प्रमाण-पत्र वितरण गर्नुभयो। सोही कार्यक्रममा बोर्ड स्थान प्राप्त सम्पूर्ण विद्यार्थीहरूलाई म्यानमारका राजदूतबाट मेडलहरू प्रदान गरिएको थियो ।




दिवंगत संघमहानायक प्रज्ञानन्द महास्थविरको स्मृतिमा स्थापित "प्रज्ञानन्द स्मृति सिरपा" को तर्फबाट भिक्षु धर्मपालले उपाधि परीक्षामा बोर्ड प्रथम प्राप्त विद्यार्थीहरूलाई त्यस्तै सानुराजा, शोभा शाक्यको तर्फबाट बोर्ड प्रथम हुने सबै विद्यार्थीहरूलाई नगद पुरस्कार वितरण गर्नुभयो । त्यस्तै अनागारिका सुशीला स्मृति कोषको तर्फबाट उत्कृष्ट अंक ल्याउने ३ जना महिला विद्यार्थीहरूलाई चैत्य उपहार प्रदान गर्नु भएको थियो ।

केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु बोधिज्ञानले बु.सं. २५४७ को दीक्षान्त समारोहको प्रतिवेदन प्रस्तुत गर्नुभएको उक्त कार्यक्रममा भिक्षु भद्दियले स्वागत भाषण तथा भिक्षु संघरक्षितले धन्यवाद ज्ञापन गर्नु भएको थियो । अ. ने. भि. महासंघका अध्यक्ष एवं ने. बौ. प.शिक्षाका संस्थापक तथा शिक्षाध्यक्ष भिक्षु ज्ञानपूर्णिक महास्थविर को सभापतित्वमा सम्पन्न उक्त कार्यक्रम भिक्षु संघरक्षितले संचालन गर्नु भएको थियो ।

### अनुरोध

यस परियत्ति बुलेटीन प्रायोजन गरि प्रकाशित गर्न चाहनु हुने महानुभावहरुले यस **नेपाल बौद्ध परियत्ति शिक्षा**को सम्पर्क सचिवालय विश्व शान्ति विहार, मीनभवन, काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।



गत वर्ष २०६० बैशाख २० गते शनिवारको दिन सम्माननीय राजपरिषद्का सदस्य श्री बुद्धिराज बज्राचार्यको प्रमुख आतिथित्वमा ४० औं समूहका उत्तीर्ण विद्यार्थीहरूलाई पुरस्कार वितरण तथा दीक्षान्त समारोह सम्पन्न भएको थियो ।

✦✦✦

### श्रीकीर्ति विहार परियत्ति केन्द्र, कीर्तिपुर

मिति २०६१ वैशाख ११ गतेको दिन श्रीकीर्ति विहार परियत्ति केन्द्रमा अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविरको प्रमुख आतिथ्यत्वमा बु. सं. २५४७ को परीक्षामा त्यस केन्द्रबाट उत्तीर्ण विद्यार्थीहरूलाई एक समारोहका बीच पुरस्कार वितरण गर्ने कार्यक्रम सम्पन्न भएको समाचार छ ।

✦✦✦

### भास्सरा मा.बि. परियत्ति केन्द्र, पूर्णचण्डी, ललितपुर

२०६१ बैशाख २२ गते । २५४८ को वैशाख पूर्णिमाको पावन दिनमा यस भास्सरा परियत्ति केन्द्रबाट बु.सं.२५४७ को वर्षमा यस केन्द्रबाट उत्तीर्ण भएका विद्यार्थीहरूलाई एक कार्यक्रमको आयोजना गरी केन्द्राध्यक्ष अनागारिका ज्ञाणवतीबाट पुरस्कार वितरण भएको समाचार प्राप्त हुन आएको छ ।

✦✦✦

### रानीपानी ग्राम परियत्ति केन्द्र, काभ्रे

बु. सं.२५४७ को पावन दिन २०६१ बैशाख २२ गते रानीपानी परियत्ति केन्द्र, काभ्रेमा बु.सं.२५४६ को वर्षमा यस केन्द्रबाट उत्तीर्ण भएका विद्यार्थीहरूलाई एक कार्यक्रमका बिच प्रमुख अतिथि अनागारिका सुभाबाट पुरस्कार वितरण भएको समाचार प्राप्त हुन आएको छ । उक्त केन्द्र समाजसेवी ई.दिनेश चौधरीको सक्रियतामा स्थापना भएको हो । स्मरणयि छ, गत २०६० साल कार्तिक २२ गतेका दिन एक समारोहका बीच केन्द्रिय परीक्षा नियन्त्रक भिक्षु बोधिज्ञानले उक्त केन्द्रको उद्घाटन गरिएको थियो ।

✦✦✦

### संघाराम विहार परियत्ति केन्द, क्षेत्रपाटी

बु. सं. २५४७ (वि. सं.२०६०) को परियत्ति शैक्षिक वर्षमा संघाराम विहार परियत्ति केन्द्रबाट बोर्ड स्थान प्राप्त विद्यार्थीहरूलाई पुरस्कार दिने कार्यक्रम पनि बुद्ध पूर्णिमाकै उपलक्ष्यमा सम्पन्न भयो ।

परियत्ति प्रारम्भिक तृतीय वर्ष (कक्षा ३) मा बोर्ड प्रथम आउनु भएकी बिनिता बुद्धाचार्य, सोही कक्षामा बोर्ड द्वितीय स्थान प्राप्त रोजिता बुद्धाचार्य, परियत्ति प्रवेश प्रथम वर्ष (कक्षा ४) मा बोर्ड तृतीय स्थानमा आएकी लुइस महर्जनलाई प्रोत्साहन तथा प्रेरणा स्वरूप केन्द्राध्यक्ष भिक्षु संघरक्षितद्वारा पुरस्कार प्रदान गर्नुभयो ।

उहाँले मन्तव्य दिने क्रममा सबै विद्यार्थीहरूले उत्साह गर्नुपर्ने, अभ्यासले सफलता मिल्ने कुरा अभिव्यक्त गर्नुहुँदै संघाराम परियत्ति केन्द्रबाट बोर्ड स्थान प्राप्त विद्यार्थीहरू, प्रथम श्रेणी प्राप्त विद्यार्थीहरु, उत्तीर्ण भएका विद्यार्थीहरू सबैलाई बधाइ तथा आशीर्वाद दिनुभयो ।

✦✦✦

### दीपंकर परियत्ति शिक्षालय, नागबहाल

२०६१ वैशाख २६ गते शनिवार । नेपाल बौद्ध परियत्ति केन्द्र दीपंकर परियत्ति शिक्षालयको वार्षिक उत्सव समारोह राजसभाका सम्माननीय सदस्य श्री बुद्धिराज बज्राचार्यज्यूको प्रमुख आतिथ्यत्वमा सम्पन्न भयो । श्रद्धेय भिक्षु भद्दियबाट एवं परियत्तिका विद्यार्थीहरूबाट त्रिरत्न वन्दना गाथाद्वारा प्रारम्भ भएको उक्त कार्यक्रममा सुश्री अमिता धाख्वा, केन्द्राध्यक्षज्यूले स्वागत मन्तव्य, शिक्षिका सुश्री सति धाख्वाले शिक्षालयको वार्षिक प्रतिवेदन गरिएको उक्त कार्यक्रममा उक्त कार्यक्रममा श्रद्धेय भिक्षु भद्दिय, सम्मानीय श्री बुद्धीराज बज्राचार्य, श्री शाक्य सुरेन र चित्ररत्न शाक्यज्यूले बौद्ध परियत्ति शिक्षाको महत्व एवं परियत्ति विद्यार्थीहरूलाई प्रेरणा तथा प्रोत्साहन दिनुपर्ने कुरा औंल्याउनु भएको थियो । प्रमुख अतिथि सम्मानीय श्री बुद्धिराज बज्राचार्यज्यूले उत्तीर्ण विद्यार्थीहरू सबैलाई पुरस्कार वितरण गर्नुभएको थियो भने श्रद्धेय भिक्षु उदयभद्रले परियत्ति शिक्षक शिक्षिकाहरूलाई पुरस्कार वितरण गरिएको उक्त कार्यक्रममा नागबहाल टोल सुधार समितिका अध्यक्ष श्री ज्ञानबहादुर शाक्यले धन्यवाद ज्ञापन र कोषाध्यक्ष श्री हेराकाजि सुजिकाबाट आय-व्यय विवरण प्रस्तुत गर्नुभएको थियो ।

✦✦✦

### अमरापुर विहार परियत्ति केन्द्र, बुङ्गमती, ललितपुर

मिति २०६१ साल बैशाख २६ गते अमरापुर विहार परियत्ति केन्द्रमा गत वर्ष यस केन्द्रबाट उत्तीर्ण भएका विद्यार्थीहरूलाई ने. बौ. प. शि. का सह-शिक्षाध्यक्ष श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविर बाट एक समारोहका बिच पुरस्कार वितरण गर्ने कार्यक्रम सम्पन्न भयो । केन्द्रका केन्द्राध्यक्ष अ.सुजाता, केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु बोधिज्ञान, व्यवस्थापन समितिका सदस्यद्वय यज्ञरत्न शाक्य, देवरत्न माली र निवर्तमान गा. वि. स. अध्यक्ष प्रेमभक्त महर्जनले पनि आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएको उक्त कार्यक्रमको संचालन दिनेश महर्जनले गर्नु भएको थियो ।

✦✦✦

### समग्र विहार परियत्ति केन्द्र, कीर्तिपुर

समग्र ज्ञानमाला भजन खलः कीपुया ग्वसालय् निर्माण जुयाच्वंगु विहार निर्दं फुना स्वदं क्यंगु वार्षिक लसताय् २०६१ जेठ १ गते शुक्रबार खुन्हु भिक्षु अश्वघोष महास्थविर पाखें दसि-पौ व पुरस्कार लःल्हाना बिज्यागु खः । थ्व हे भ्वलय् परियत्ति बिद्यार्थीया अभिभावकपिन्त नं बुद्ध मूर्ति वसपोलं हे लःल्हाना बिज्यागु खः । थ्व हे भ्वलय् २०६१ सालया न्हूपिं विद्यार्थीपिन्त स्वयम्भु धर्म पासाःपुचः, स्वयम्भुपाखें सफू ग्वाहाली, जुलुम शाक्यपाखें कापी, कलम लःल्हाना दिगु दु । ज्याभ्वःलय् लसकुस न्वचु जुलुम शाक्यपाखें

अलय् परियत्तिया गतिविधि सुर्जमान रंजितपाखें प्रस्तुत यागु खःसा सुदर्शन नापितपाखें धन्यवाद ब्युसें ज्याभ्वः क्वचागु खः ।

✦✦✦

**बोधिचर्या विहार परियत्ति केन्द्र, बनेपा**

२०६१ जेठ ९ गते शनिबार बोधिचर्या विहार, बनेपामा श्रद्धेय भन्ते अश्वघोष महास्थविरको प्रमुख आतिथ्यत्वमा प्रमाणपत्र तथा पुरस्कार वितरण कार्य सम्पन्न भयो । उक्त अवसरमा प्रमुख अतिथि श्रद्धेय भन्ते अश्वघोष महास्थविर, केन्द्राध्यक्ष श्रद्धेय भन्ते बोधिसेन महास्थविर बोधिसत्व ल्यायम्ह पुचःका निवर्तमान अध्यक्ष तथा परियत्ति कक्षाका निरीक्षक श्री निरण शाक्य, श्रद्धेय भन्ते निग्रोध साथै बोर्ड प्रथम भएका छात्र मणिकरत्न शाक्य तथा बोर्ड तृतीय भएका राजाराम श्रेष्ठले पनि परियत्ति शिक्षाको महत्व र अनुभव बारे बोल्नुभएको थियो । व्यवस्थापन समितिका अध्यक्ष श्री सचिन शाक्यको सभापतित्वमा भएको उक्त कार्यक्रममा का. का. स. रिना मानन्धरले स्वागत भाषण तथा दिपकरत्न शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो । उक्त कार्यक्रम सचिव श्री दिपेश शाक्यले संचालन गर्नुभएको थियो ।

✦✦✦

**प्रणिधिपूर्ण महाविहार परियत्ति केन्द्र, बलम्बु, काठमाडौं**

२०६१ जेठ ९ गते शनिवार । यस केन्द्रबाट बु. सं.२५४७ को वर्षमा उत्तीर्ण हुने विद्यार्थीहरूलाई अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष श्रद्धेय भिक्षु कुमारकाश्यप महास्थविरको प्रमुख आतिथ्यत्वमा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा स्वागत भाषण जीत ब.महर्जन, प्रतिवेदन प्रस्तुती श्रामणेर सुख तथा धन्यवाद ज्ञापन न्हुच्छे ब. महर्जनले प्रस्तुत गर्नुभएको थियो । साथै प्रमुख अतिथि भिक्षु कुमारकाश्यप महास्थविर, भिक्षु धर्ममूर्ति, जुजुभाइ तुलाधर, तथा विद्यार्थी अमर मानन्धरले मन्तव्य व्यक्त गर्नु भएको उक्त कार्यक्रमको संचालन अनागारिका सुजाताले गर्नु भएको थियो ।

✦✦✦

**धर्मकीर्ति विहार, श्रीघः**

बु. सं. २५४७ को बौद्ध परियत्ति शिक्षामा उत्तिर्ण विद्यार्थीहरूलाई गत २०६१ जेठ ९ गते धर्मकीर्ति विहार, श्रीघः, काठमाडौंमा एक समारोहका बिच प्रेरणा स्वरूप पुरस्कार प्रदान गरियो । भिक्षु बोधिज्ञाबाट पञ्चशील प्रदान गरी शुरू भएको उक्त कार्यक्रममा स्वागत भाषण सुमनकमल तुलाधर, अनागारिका चमेलीबाट परियत्ति शिक्षाको प्रतिवेदन, लोचनतारा तुलाधरले धन्यवाद ज्ञापन, रीना तुलाधरले परियत्ति शिक्षाको समीक्षा गर्नुभएको थियो भने भिक्षु बोधिज्ञान, विद्यार्थीहरू सरोज मानन्धर, आरती रन्जीतले आ-आफ्नो मन्तव्य राख्नु भएको थियो ।

प्रफुल्ल कमल ताम्राकारले संचालन गर्नु भएको उक्त कार्यक्रम सभापति अनागारिका धम्मवतीले आफ्नो मन्तव्य व्यक्त गर्दै समापन गर्नु भएको थियो ।

✦✦✦

**सुलक्षणकीर्ति विहार परियत्ति केन्द्र, चोभार, काठमाडौं**

जेठ २२, २०६१ । सुलक्षणकीर्ति विहार, चोभारमा एक समारोहका बिच बु. सं.२५४७ को ने. बौ. प. शि. को परीक्षामा यस केन्द्रबाट उत्तीर्ण विद्यार्थीहरूलाई केन्द्राध्यक्ष अनागारिका अनोजाबाट पुरस्कार वितरण कार्य सम्पन्न भएको समाचार प्राप्त भएको छ । उक्त अवसरमा दाताहरु श्याममान बज्राचार्य, मासंगल्लीबाट बुद्धको मुर्ति र हरिमान रंजितबाट रुमाल र अरु सामाग्रीहरु वितरण गरिएको थियो । अनागारिका अनोजाबाट स्वागत भाषण गर्नुका साथै परियत्ति शिक्षाको महत्व विषयमा मन्तव्य, हरिमान रंजितबाट धन्यबाद ज्ञापन गर्नु भएको उक्त कार्यक्रम आरति रंजितले संचालन गर्नु भएको थियो ।

✦✦✦

**वेलुवनाराम विहार परियत्ति केन्द्र, ठेचो, ललितपुर**

वि. सं.२०६१ जेष्ठ २३ शनिवार । बु. सं.२५४७ वर्षको नेपाल बौद्ध परियत्ति शिक्षाको परीक्षामा यस वेलुवनाराम विहार परियत्ति केन्द्रबाट उत्तीर्ण विद्यार्थीहरूलाई श्रीलंकाका महामहिम राजदूत Mrs. Grace Ammal Ashirwatham बाट पुरस्कार वितरण गर्नु भयो । ने. बौ. प. शि. का केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु बोधिज्ञानले शील प्रदान तथा विहारका बुद्धि ब. मालीको सभापतित्वमा सम्पन्न भएको उक्त कार्यक्रममा बसन्त मालीले स्वागत भाषण गर्नु भएको थियो । आमन्त्रित अतिथिहरू मध्येबाट श्रद्धेय भिक्षु बोधिज्ञान, भिक्षु कोण्डन्य, शिक्षक/शिक्षिकाहरू मध्येबाट बासुदेव देशारले र विद्यार्थीहरू मध्येबाट कक्षा ६ मा बोर्ड द्वितीय भएका रमिता महर्जन 'क' र कक्षा ५ मा बोर्ड प्रथम भएका रमिता महर्जन 'ख' ले परियत्ति शिक्षाका अनुभव र आफु बोर्ड भएकोमा लागेको अनुभव सुनाउनु भएको थियो । वेलुवनाराम विहार परियत्ति केन्द्रका सचिव शान्ति महर्जन 'ख' प्रगति प्रतिवेदन तथा आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । उक्त परियत्ति केन्द्रका उपाध्यक्ष श्री गौतम महर्जनले धन्यवाद ज्ञापन गर्नुभएको कार्यक्रममा सजना महर्जनले संचालन गर्नुभएको थियो । स्मरणीय छ, उक्त केन्द्रमा केन्द्रका केन्द्राध्यक्ष भिक्षु निग्रोधको विशेष सक्रियतामा विगत चार वर्षदेखि श्रीलंकाका महामहिम राजदूतहरूबाट विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिँदै आएको छ ।

✦✦✦

**जगतसुन्दर ब्वनेकुथी परियत्ति केन्द्र, डल्लु**

नेपाल बौद्ध परियत्ति शिक्षा जगत सुन्दर ब्वनेकुथी परियत्ति केन्द्र, चागः, लखुतीर्थय् वंगु २०६१ जेठ ३० गते बु.सं.२५४७ या परियत्ति शिक्षाय् उत्तीर्ण विद्यार्थीपिन्त पुरस्कार वितरण ज्याभ्वः सम्पन्न जुल ।

ने. बौ. प. शि. या केन्द्रीय परीक्षा नियन्त्रक भिक्षु बोधिज्ञानया मू पाहाँसुई सम्पन्न जूगु उगु ज्याभ्वःलय् १५ म्ह उत्तीर्ण विद्यार्थीपिन्त दसि-पौ व सिरपाः लःल्हायगु ज्या जुल । मूपाहाँया आसनं न्वंवाना बिज्यासे भिक्षु बोधिज्ञानपाखें परियत्ति शिक्षाया महत्व व उकिया विकास यायेत सम्पूर्ण बौद्ध समुदाय लगय् जुइमाःगु आवश्यकता प्वंका बिज्यात । केन्द्राध्यक्ष माया मानन्धरपाखें वार्षिक प्रतिवेदन पेश जूगु उगु ज्याभ्वःलय् डा.केशवमान शाक्य, भिक्षु संघरक्षित, सविता धाख्वा व त्रिरत्न मानन्धरपाखें परियत्तिया थी थी पक्षय् प्रकाश याय्गु ज्या जुल ।

केन्द्रया संचालक समितिया अध्यक्ष राजभाई जकःमीया सभापतित्वय् शुरू जूगु उगु ज्याझ्वःलय् लसकुस न्वचु भगवती जकःमी, सुभाय् देछा रत्नदेवी कसाः व ज्याझ्वः न्ह्याके ज्या विजय बज्रापाखें जूगु खः ।

✦✦✦

**परोपकार मा.बि. परियत्ति केन्द्र, भिमसेनस्थान, काठमाडौं**

मिति २०६१ असार ५ गते परोपकार मा.बि. भिमसेनस्थानमा बौद्ध महिला संघ नेपालको आयोजनामा यस केन्द्रबाट बु.सं.२५४७ को वर्षमा बोर्ड स्थान प्राप्त तथा उत्तीर्ण भएका विद्यार्थीहरूलाई श्रद्धेय भिक्षु कुमारकाश्यप महास्थविरबाट एक समारोहका बिच पुरस्कार वितरण गर्ने कार्य सम्पन्न भयो । उक्त कार्यक्रममा भिक्षु कोण्डन्य, अनागारिका सुजाता, सुश्री नानीमैंया मानन्धरले आ( आफ्नो मन्तव्य राख्नुभएको थियो भने चन्द्रदेवी शाक्यले परियत्तिको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । सोही अवसरमा केन्द्राध्यक्ष शकुन्तला प्रधानलाई गत वर्ष कोविद तह पुरा गर्नुभएकोले उहाँलाई सम्मान(पत्र प्रदान गरिएको थियो । कार्यक्रमको संचालन सरीता तुलाधरले गर्नुभएको थियो ।

✦✦✦

## परियतिका केन्द्रका गतिविधि

**संघाराममा परियत्तिका केन्द्रमा विविध कार्यक्रम सम्पन्न**

बु. सं.२५४८ को बुद्धपूर्णिमाको दिन संघाराम विहारमा उक्त केन्द्रका विद्यार्थीहरूबीच "भगवान् बुद्ध र बैशाख पूर्णिमा" विषयमा भएको वक्तृत्वकला प्रतियोगितामा प्रथम र सान्त्वना भएका क्रमशः साबित्री महर्जन कक्षा ५ र रोजिता बुद्धाचार्य कक्षा ४ लाई केन्द्राध्यक्ष भिक्षु संघरक्षितद्वारा पुरस्कार वितरण भयो ।

त्यस्तै संघाराम केन्द्रका विद्यार्थीहरूमा बुद्ध-समूह, धर्म-समूह, संघ-समूह तथा केन्द्रको तर्फबाट गरी ४ वटा भित्ते-पत्रिका सोही दिनमा प्रकाशित गर्नुका साथै बुद्धको चित्रमय जीवनीको चलचित्र प्रदर्शन गरिएको थियो । यस्तै गरेर २०६१ जेठ २३ गते शनिवारको दिन योगा सिनियर मास्टर राजभाई के. सी.बाट योगाको माध्यमद्वारा हँसाउने कार्यक्रम सम्पन्न भयो ।

✦✦✦

**वक्तृत्वकला प्रतियोगिता सम्पन्न**

**धर्मकीर्ति विहार, श्रीघः**

मिति २०६१ जेठ ३१ गते धर्मकीर्ति विहारमा भिक्षु अश्वघोष महास्थविर प्रब्रजित हुनु भएको ६० वर्ष पुगेको र वहाँको ७७ वर्ष जन्म दिनको उपलक्ष्यमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले विद्यार्थी जीवनमा शीलको महत्व, परियत्ति र प्रतिपति शिक्षा तथा गरिबी निवारणको लागि बुद्ध शिक्षा विषयहरुमा आधारित विभिन्न १५ वटा परियत्ति केन्द्र, विहार तथा संस्थाहरुका विद्यार्थीहरु वीच भएको बक्तृत्वकला प्रतियोगितामा वेलुवनाराम प. के., ठेचोका सजना महर्जन प्रथम, बौद्ध युवा कमिटी, नुगः का सुनिल महर्जन द्वितिय र अन्तराष्ट्रिय बौद्ध भावना केन्द्र शंखमुलका मनिष बज्राचार्य तृतिय भएको थियो ।

विजयी सबै विद्यार्थीहरु तथा प्रतियोगिहरुलाई प्रमुख अथिति भिक्षु कुमारकाश्यप महास्थविरले पुरस्कार तथा अ. धम्मवतीले प्रमाण-पत्र तथा धर्मकीर्ति लोगो अंकित बोधीबृक्ष पात प्रदान गरियो । प्रतियोगिताको निर्णायक मण्डलमा अ. अनोजा, प्रा. सुवर्ण शाक्य र सन्ध्या टाइम्सका सम्पादक सुरेश किरण मानन्धर रहनु भएको थियो ।

✦✦✦

**जगतसुन्दर ब्वनेकुथी, डल्लु**

मिति २०६१ श्रावण २ गते जगतसुन्दर ब्वनेकुथीमा भिक्षु अश्वघोष महास्थविर प्रब्रजित हुनु भएको ६० वर्ष पुगेको उपलक्ष्यमा युवा बौद्ध समूह, काठमाडौंको आयोजनामा विभिन्न परियत्ति विद्यार्थीहरुका वीचमा विभिन्न शीर्षकहरुमा भएको बक्तृत्वकला प्रतियोगितामा श्री शाक्यसिंह प. तथा प्रौढ शिक्षालय, ठैनाका अनुपमा शाक्य **पञ्चशिल व विश्व शान्ति** शिर्षकमा प्रथम, दीपंकर प. शिक्षालय, नागबहालका सुनिता महर्जन **मैत्री भावना** शीर्षकमा द्वितिय र जगत सुन्दर ब्वनेकुथीका, डल्लुका मोनिका मानन्धर **दशपुण्य क्रिया** शिर्षकमा तृतिय भएको थियो । भिक्षु कीर्तिज्योतिबाट शील प्रदान, श्री त्रिरत्न मानन्धरबाट स्वागत भाषण तथा श्री अनिल स्थापितबाट धन्यबादज्ञापन भएको उक्त कार्यक्रममा विजयीहरुलाई भिक्षु अश्वघोष महास्थविरबाट प्रमाण-पत्र तथा लोक बहादुर शाक्यबाट पुरस्कार प्रदान गरिएको थियो । निर्णायक मण्डलमा अमिता धाख्वा, मदन मानन्धर र रत्न सुन्दर शाक्य रहनु भएको थियो ।

✦✦✦

## भिक्षु महासंघको पुनर्गठन

अखिल नेपाल भिक्षु महासंघको गत २०६० फागुन ३० गतेका दिन सम्पन्न १३औं साधारण सभाले सर्व सम्मतिबाट भिक्षु कुमार काश्यप महास्थविरको अध्यक्षतामा १५ सदस्यीय नयाँ कार्यसमितिको गठन गरिएको छ। नव गठित कार्य समितिका उपाध्यंक्ष, सचिव, सह-सचिव र कोषाध्यक्षमा क्रमशः भिक्षु ज्ञानपूर्णिक महास्थाविर, भिक्षु बोधिसेन महास्थरि, भिक्षु भद्दीय स्थविर र भिक्षु बोधिज्ञान स्थविर रहनु भएको छ । त्यस्तै सदस्यहरुमा भिक्षुहरु गुणघोष, धम्मशोभन, शीलभद्र, धम्मपाल, सुमेध, आनन्द, सोभित, कोण्डन्य, सुशील र संघरक्षित मनोनित भएका छन् ।

## भिक्षुहरू सम्मानित

मिति २०६१ आषाढ १९ गते शनिवार, विश्वशान्ति विहारमा नेपालको ज्येष्ठतम् भिक्षु सुबोधानन्द महास्थविर नेपालको **संघनायक** भएको अवसरमा तथा म्यानमार् सरकारबाट **अग्ग महासद्धम्म-जोतिक-धज** उपाधिबाट सम्मानित आचार्य भिक्षु कुमार काश्यप महास्थविर र भिक्षु विमलानन्द महास्थविरलाई वहाँहरुको बुद्ध शासनिक क्षेत्रमा भएको विविध प्रकारका सन्हाहनीय देनलाई कदर गरी अखिल नेपाल भिक्षु महासंघको आयोजनामा विभिन्न संघ-संस्थाहरको तर्फबाट सम्मानित गर्ने कार्य सम्पन्न भयो ।


सहयोगार्थ रु. १/- मात्र ।

**नेपाल बौद्ध परियति शिक्षा**को सम्पर्क सचिवालयबाट प्रकाशित, ठेगानाः विश्व शान्ति विहार, मीनभवन, काठमाडौं

पो. ब. नं.- ८९७३, एन. पी. सी.- ३२७, फोन नं. ४-४८२९८४/४-४८२२५० (+Fax) E-mail: vishwa@ntc.net.np

सम्पादक : **भिक्षु बोधिज्ञान** प्रबन्ध सम्पादक : **त्रिरत्न मानन्धर** सम्पादन सहयोगी : **बासुदेव देशार** विशेष सहयोगी : **भिक्षु संघरक्षित**

कम्प्यूटर सेटिङ्गः एबिस्री प्रिन्टिङ प्रेस, लगनखेल, बसपार्क चौकी अगाडी, फोन नं. ५५३२५१२/छपाई : ॐ नमो प्रिन्टिङ प्रेस-पुतली सडक